# सुदूरपश्चिम विश्वविद्यालय
## सेवा आयोगको कार्यालय
## कर्मचारी पदपूर्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना
## (खुला प्रतियोगिता)

सूचना प्रकाशन मिति: २०८०।०३।२५

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत प्रशासन सेवा अन्तर्गत निम्न पदहरूमा खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८०/०३/२५ देखि मिति २०८०/०४/२८ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८०/०५/०३ गतेसम्म) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

| क्र.स. | विज्ञापन नं. | पद | उप समूह | शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|---|---|
| | | | | | खुला |
| १ | २३/०७९-०८० | सहायक प्रशासक (सहायक लाइब्रेरियन) | विविध | पुस्तकालय विज्ञान विषयमा स्नातक तह | १ |
| २ | २५/०७९-०८० | ल्याव असिस्टेण्ट | सिभिल इन्जिनियरिङ्ग | Diploma in Civil Engineering | १ |

विज्ञापन सम्बन्धी अन्य विवरण सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा हेर्न सकिनेछ ।

**द्रष्टव्य:**

१. **आवेदन दस्तुर:** सहायक प्रशासक वा सो सरह पदका लागि रू.२,०००। र हेड असिस्टेण्ट (ल्याव असिस्टेण्ट) लागि रू १,५००।- र आवेदन दस्तुर वेवसाइटमा अंकित अनलाईन प्रणाली मार्फत बुझाउनु पर्नेछ । एक पटक बुझाई सकेको दस्तुर फिर्ता हुने छैन ।

२. **प्रारम्भिक परीक्षा:** सहायक प्रशासक (सहायक लाइब्रेरियन) र ल्याव असिस्टेण्ट (सिभिल इन्जिनियरिङ्ग) पदहरुमा आवेदन दिने उम्मेदवारहरूको कम्प्युटरको ज्ञान सम्बन्धी प्रारम्भिक प्रयोगात्मक परीक्षा लिइने छ । प्रारम्भिक प्रयोगात्मक परीक्षामा योग्य ठहरिएका उम्मेवदारहरूलाई मात्र लिखित परीक्षामा समावेश गराइने छ ।

३. **उमेर हद:** सहायक प्रशासक वा सो सरह पदका लागि: २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र हेड असिस्टेण्ट पदका लागि: १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको । तर, सु.प.वि.सेवामा वहाल रहेका कर्मचारीको हकमा **कर्मचारी नियुक्तिका आधार एवं सिफारिस सम्बन्धि विनियम, २०७८** (दोस्रो संशोधन सहित) को व्यवस्था अनुसार हुने छ ।

४. विज्ञापनको अन्तिम मितिसम्म (थप दस्तुरको अवधि वाहेक) प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन ।

५. निम्न कागजातहरूका डिजिटल फाइल अनलाईन फारमका साथ अपलोड गर्नुपर्ने छ ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो ।

(ख) स्पष्ट बुझिने आधिकारिक हस्ताक्षर ।

(ग) नागरिकता ।

(घ) एसएलसी/एसइई तहदेखि आवेदित पद भन्दा एक तह माथिका सवै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, समकक्षताको प्रमाण-पत्रहरू ।

(ङ) समावेशी समूहमा आवेदन दिनेहरूले सरकारबाट तोकिएको आधिकारिक निकायले प्रदान गरेको प्रमाण पत्र ।

(च) सु.प.वि सेवामा बहालवाला कर्मचारी भएमा नियुक्ति तथा अनुभवको पत्र ।

६. प्रचलित नेपाल कानून बमोजिम स्थापित विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको श्रेणी वा ग्रेड समेत खुलेको सम्बन्धमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्ने छ । अन्यथा आवेदन फारम स्वीकार गरिने छैन ।

७. परीक्षाको पाठ्यक्रम र थप जानकारी सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा रहेको कर्मचारी नियुक्ति एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) डाउनलोड गरी हेर्न वा सु.प.वि. सेवा आयोगमा सम्पर्क गर्न सकिने छ ।

८. परीक्षा मिति पछि तोकिने छ ।